# पाठ १९

# यूहन्ना १९

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

येशूलाई मृत्युदण्डको आज्ञा
येशूलाई क्रूसमा टाँगिएको
येशूको मृत्यु
येशूको कोखामा घोचिएको
येशूको दफन-कार्य

## येशूलाई मृत्युदण्डको आज्ञा

यूहन्ना १८:३९-४०; १९:१-१६ पढ्नुहोस्।

पिलातसले येशूलाई स्वतन्त्र छोडिदिन चाहेका थिए तर उनी मानिसहरूसँग डराए। यदि उनी तिनीहरूसँग सहमत भएनन् भने रोमी सम्राटलाई उनको विरुद्धमा उजूरी दिने धम्की




तिनीहरूले दिएका थिए। उनको काम र उनको जीवन पनि खतरामा हुनेभयो। उनले निर्दोष व्यक्तिलाई मृत्युदण्ड दिन चाहेनन्, तर ठीक वा बेठीकभन्दा पनि उनको आफ्नै सुरक्षाचाहिँ उनको लागि महत्त्वपूर्ण थियो। अनि यसरी पिलातसले अन्तमा येशूलाई अपराधीको रूपमा क्रूसमा टाँगिनका लागि पठाए।

येशूको बारेमा सुसमाचार सुन्ने प्रत्येकले पिलातसले जस्तै येशूसँग के गर्ने हो भन्ने कुराको निर्णय गर्नुपर्छ। अरू मानिसहरूले के भन्लान् वा गर्लान् भनी कोही व्यक्तिहरू येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गर्न डराउँछन्। न्यायको दिनमा परमेश्वरले हामीसँग कस्तो व्यवहार गर्नुहुन्छ भन्ने कुरा अहिले हामीले उहाँका पुत्र येशू ख्रीष्टसँग गरेको व्यवहारमा भर पर्छ।

### तपाईंको अभ्यासको निम्ति

१ पिलातसले किन येशूलाई स्वतन्त्र छोडिदिएनन्?

**क.** उनले येशूलाई दोषी भेट्टाए।

**ख**. उनी मानिसहरूसँग डराएका थिए।

**ग**. उनले बारब्बालाई स्वतन्त्र पार्न चाहेका थिए।

## येशूलाई क्रूसमा टाँगिएको

यूहन्ना १९:१६-२७ पढ्नुहोस्।

दुइ अपराधीहरूका बीचमा येशूलाई क्रूसमा टाँगिएको वा कीला ठोकिएको थियो। उहाँमाथि टाँसिएको दोष-पत्रमा यस्तो लेखिएको थियोः "नासरतको येशू, यहूदीहरूको राजा।" त्यसरी लेखिएको मुख्य पूजाहारीहरूलाई मन परेन, तर त्यसलाई बदली गर्नका लागि पिलातसले इन्कार गरे।

येशूले क्रूसमा कष्ट भोगिरहनुहुँदा पनि आफ्नो बारेमा भन्दा अरूहरूका बारेमा नै उहाँले विचार गर्नुभयो। उहाँले आफ्नी आमालाई चेला यूहन्नाको हेरचाहमा राखिदिनुभयो। अरू सुसमाचारहरूबाट हामी सिक्छौं कि उहाँलाई क्रूसमा टाँग्ने मानिसहरूको क्षमाको निम्ति उहाँले परमेश्वरसँग प्रार्थना गर्नुभएको थियो।

### तपाईंको अभ्यासको निम्ति

२ येशूलाई टाँगिएको क्रूसको माथिपट्टि के लेखेर पिलातसले टाँसिदिएका थिए?

**क**. देशद्रोहीको दोषी भएका नासरतका येशू।

**ख.** मोशाको व्यवस्था भङ्ग गर्ने नासरतका येशू।
**ग.** नासरतको येशू, यहूदीहरूको राजा।

## येशूको मृत्यु

यूहन्ना १९:२८-३० पढ्नुहोस्

हाम्रा पापहरूका निम्ति मसीहको मृत्युको बारेमा भएका पुरानो करारका सबै अगमवाणीहरू येशू क्रूसमा मर्नुहुँदा पूरा भएका थिए। सयौं वर्ष पहिले अगमवक्ताले अगमवाणी गरेजस्तै गरी यो पूरा भयो, सिपाहीहरूले उहाँका लुगामा जुवा खेलेको र उहाँलाई अमिलो मद्य पिउन दिएको कुरा तक पूरा भएको छ।

> "मेरो तिर्खामा तिनीहरूले मलाई सिर्का दिए" (भजनसंग्रह ६९:२१)।

येशूले भन्नुभयोः "अब सिद्धियो!" उहाँले यही भन्नुभएको थियो कि उहाँलाई गर्नका लागि परमेश्वरले दिनुभएको काम उहाँले सिध्याउनुभएको छ। जब उहाँ मर्नुभयो, उहाँले हाम्रो उद्धारको निम्ति मूल्य चुकाउनुभएको छ।

हाम्रा पापहरूका कारणले नै येशू मर्नुभएको हो। यसैले येशूको देशका मानिसहरूलाई, वा पिलातसलाई, वा उहाँलाई क्रूसमा टाँग्ने सिपाहीहरूलाई हामी यसको दोष लगाउन सक्दैनौं। हामीलाई उद्धार गर्नका लागि पाप वा हाम्रो पापले उहाँलाई क्रूसमा लगेको हो। यो कुरा थाहा पाएपछि यसले हामीलाई हाम्रा पापप्रति दुःखित पार्छ। येशूको मृत्यु गराउने कुराहरूलाई हामी निरन्तररूपमा गरिरहन चाँहदैनौं। यसैले हाम्रा पापहरूका

क्षमाको निम्ति हामी परमेश्‍वरमा बिन्ती गर्छौं। येशूले हाम्रा निम्ति गर्नुभएको कामलाई हामी ग्रहण गर्छौं र हामीले उद्धार पाउँछौं। उहाँ हाम्रो सट्टामा मर्नुभयो।

> "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो" (१ पत्रुस २:२४)।

**तपाईंको अभ्यासको निम्ति**

**३** "अब सिद्धियो" भनी येशूले भन्नुहुँदा उहाँले के भन्न खोज्नुभएको थियो?

क. अब नयाँ संसार सरकार क्रियाशील भएको छ।
ख. उद्धारको काम पूरा भएको छ।
ग. उहाँको राज्यको निम्ति भएको सबै आशा नाश भएको छ।

**४** येशूको मृत्युको निम्ति को दोषी छ?

क. मुख्य पूजाहारीहरू मात्र।
ख. महासभा, पिलातस र येशूलाई क्रूसमा टाँग्ने सिपाहीहरू मात्र।
ग. पाप गर्ने प्रत्येक व्यक्तिसहित, हामी पनि। हाम्रा पापहरूले उहाँलाई मृत्युमा पुऱ्याएको हो।

**५** अब हामीले के गर्नुपर्छ?

क. हामीले अदालतमा कसैलाई कहिल्यै दोष लगाउनुहुँदैन।

ख. येशूलाई मृत्युमा पुऱ्याउने मानिसहरूलाई हामीले दोष लगाउनुपर्छ र तिनीहरूका सन्तानका विरुद्धमा प्रतिशोध राख्नुपर्छ।

ग. हामी हाम्रा पापहरूका निम्ति दुःखित हुनुपर्छ र हामीलाई क्षमा दिनका निम्ति परमेश्वरसँग बिन्ती गर्नुपर्छ।

## येशूको कोखामा घोचिएको

यूहन्ना १९:३१-३७ पढ्नुहोस्।

क्रूसको मृत्युचाहिँ ढीला र वेदनापूर्ण रूपमा हुने मृत्यु हो। अपराधी छिट्टै नै मरोस् भनी सिपाहीहरूले त्यसका खुट्टाहरू भाँच्ने गर्थे। तिनीहरूले येशूलाई मरिसक्नुभएको भेट्टाए र उहाँका हाडहरू भाँचेनन्। योचाहिँ अगमवाणीको परिपूर्ति थियो।

सिपाहीहरूले येशूको कोखमा घोचेको कुरा पनि अगमवाणीकै परिपूर्ति थियो, अर्थात् हाम्रा पाप धुनका लागि मूहान खोलिएको थियो।

> "त्यस दिन तिनीहरूको पाप र अशुद्धता सफा गर्नलाई दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूका निम्ति पानीको एउटा मूल फुटेर निस्कनेछ" (जकरिया १३:१)।
>
> "उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" (१ यूहन्ना १:७)।

**तपाईंको अभ्यासको निम्ति**

**६** १ यूहन्ना १:७ कण्ठ गर्नुहोस्।

**७** जकरिया १३:१ लाई तीन पल्ट पढ्नुहोस्।

## येशूको दफन-कार्य

यूहन्ना १९:३८-४२ पढ्नुहोस्।

अरिमाथियाका योसेफ र निकोदेमस दुवै महत्त्वपूर्ण धार्मिक अगुवा र महासभाका सदस्यहरू थिए। तिनीहरूले येशूको मृत्युको पक्षमा आफ्नो मत दिएका थिएनन्। अहिलेसम्म तिनीहरू येशूमा गोप्य विश्वासीहरू थिए र खुला रूपमा उहाँको निम्ति साक्षी हुनका लागि डराएका थिए।

उच्च सामाजिक ओहोदामा भएका व्यक्तिहरूलाई येशूका निम्ति खुला रूपमा आउनका लागि कहिलेकहीँ कठिन पर्छ। प्रायःजसो गरीब मानिसहरू भएको मण्डलीमा जानका लागि तिनीहरूलाई लाज लाग्छ। आफू ख्रीष्टियान बनियो भने आफ्नो काम पनि गुम्ने हो कि भन्ने किसिमको डर तिनीहरूलाई लाग्छ। तर येशूको शरीर मागेर यसलाई दफन गर्नका लागि परमेश्वरले योसेफ र निकोदेमसलाई साहस दिनुभएको थियो, यसरी तिनीहरूले उहाँप्रति भएको आफ्नो आदर र प्रेमलाई प्रकट गरेका थिए। यसको अर्थ अगमवाणी पनि पूरा गरेको छः मसीह आफ्नो मृत्युमा धनीसँग हुनुहुनेछ।

त्यहाँको दफन गर्ने चलनअनुसार मृत शरीरलाई सुगन्धित मसलासँग सूती कपडामा बाँधेर कुनै गुफामा वा ढुङ्गेनी पहाडमा कपेर बनाएको खाडलमा राखिन्थ्यो। अरू सुसमाचारहरूबाट हामी सिक्छौं कि अरिमाथियाका योसेफको चिहानमा येशूको शरीरलाई गाडिएको थियो।

दफनको निम्ति सबै तयारीहरू पूरा गर्नका लागि त्यहाँ त्यति समय थिएन, किनकि येशू मर्नुहुँदा रात पर्न लागेको थियो। घाम अस्ताउने बेलामा विश्राम शुरू हुन्थ्यो। त्यसैले दफनका सबै तयारीहरू सकिनुभन्दा पहिल्यै उहाँको मृत शरीरलाई चिहानमा राखिएको थियो।

**तपाईंको अभ्यासको निम्ति**

८ येशूको शरीरलाई के गरिएको थियो?

क. योसेफ र निकोदेमसले यसको दफन गरे।
ख. चेलाहरूले यसको दफन गरे।
ग. यसलाई क्रूसमै छोडिएको थियो।

९ दफनका निम्ति भएका तयारीहरू किन सकिएनन्?

क. येशूका चेलाहरू डराएका थिए।
ख. विश्राम शुरू हुनुभन्दा केही समय अगाडि मात्र येशू मर्नुभयो, र घाम अस्ताएपछि कसैले पनि काम गर्नु हुँदैनथ्यो।
ग. दफनका निम्ति आवश्यकीय सामग्रीहरू किन्नका लागि चेलाहरूसँग पर्याप्त रुपियाँपैसाहरू थिएन।

**१०** येशूको निम्ति खुला रूपमा प्रकट हुनका लागि गुप्त रूपमा रहेका विश्वासीहरूलाई परमेश्वरले साहस देऊन् भनी तिनीहरूका निम्ति प्रार्थना गर्नुहोस्।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

४ ग) पाप गर्ने प्रत्येक व्यक्तिसहित हामी पनि। हाम्रा पापहरूले उहाँलाई मृत्युमा पुऱ्याएको हो।

१ ख) उनी मानिसहरूसँग डराएका थिए।

५ ग) हामी हाम्रा पापहरूका निम्ति दुःखित हुनुपर्छ र हामीलाई क्षमा दिनका निम्ति परमेश्वरसँग बिन्ती गर्नुपर्छ।

२ ग) नासरतको येशू, यहूदीहरूको राजा।

८ क) योसेफ र निकोदेमसले यसको दफन गरे।

३ ख) उद्धारको काम पूरा भएको छ।

६ ख) विश्राम शुरू हुनुभन्दा केही समय अगाडि मात्र येशू मर्नुभयो, र घाम अस्ताएपछि कसैले पनि काम गर्नुहुँदैनथ्यो।